जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर

मानभवन, प्रदेश नं ३ को

## कर असुल गर्ने सम्बन्धी बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७४/२/२३**

यस जिल्ला समन्वय समितिबाट आर्थिक वर्ष ०७४/०७५ को लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ तथा अनुसुची २३ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम १६७ बमोजिम एंव स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय मिति २०७४/०२/१७ तथा नेपाल सरकार संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वातावरण व्यवस्थापन शाखाको च.नं २०५ मिति २०७४/०१/१९ को पत्र बमोजिम ललितपुर जिल्ला भित्र उत्पादन भई निकासी हुने निम्न लिखित वस्तुहरूमा कर सङ्कलन गर्ने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानून बमोजिम मु.अ.करमा दर्ता भई प्रमाणपत्र लिएका इच्छुक ठेकेदार/फर्म, नेपाली नागरिक वा विदेशी नागरिक समेतले बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र खरिद गरी उल्लिखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिद्वारा ३१ औं दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। उक्त बोलपत्र विद्युतीय रूपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मार्फत डाउनलोड गर्न र बुझाउन सकिनेछ। दर्ता हुन आएका बोलपत्रहरू (विद्युतीय समेत) ३१ औं दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा हुनेछ।बोलपत्रको साथमा ठेक्का कबुल अङ्कको कम्तिमा ५% (गैरनेपाली नागरिक भए १०%) ले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको सूचनामा एकसय बिस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ। उल्लिखित ठेक्काका कर/दस्तुरका दररेट र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट (www.ddclalitpur.gov.np) मा समेत टाँस गरिनेछ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७० अनुसार सम्पूर्ण ठेक रकम सम्झौता गर्दाका बखत एकमुष्ट बुझाएमा १०% छुट दिने व्यहोरा समेत जानकारी गराइन्छ। बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित रहनेछ।

| सूचना नं. | मालवस्तुको विवरण | न्यूनतम ठेक अङ्क (मू.अ. कर बाहेक) | टेण्डर फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १०/०७३/७४ | ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा र रोडा र भट्टामा प्रयोग गर्ने माटो | रु ४,६५,००,०००/- (अक्षेरुपी चार करोड पैंसट्ठी लाख रुपैंया मात्र) | रु.५०००/- (पाँच हजार रुपैंया मात्र) | |

*मू.अ. कर बाहेक

**बोलपत्र पाइने स्थान:**
जिल्ला प्रशासन कार्यालय, ललितपुर
जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर
को.ले.नि.का., जावलाखेल, ललितपुर

**खाताको विवरण:**
राजस्व खाता नं.: - **०१८०३००००००००४००३००८**
धरौटी खाता नं.: - **०१८०३००००००००३००००४०**
बैङ्क: - नेपाल बैङ्क लिमिटेड, गावहाल, ललितपुर ।

**थप जानकारीको लागि:**
राजस्व शाखा, जि.स.स.को कार्यालय,ललितपुर
०१-५५५३७४७